# कीर्तिपुर नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय

## नेपाल सरकारबाट निःशुल्क उपलब्ध गराईने औषधि तथा औषधिजन्य सामग्रीहरु खरिद सम्वन्धी शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७७/०७/२७)

यस कीर्तिपुर नगरपालिकाबाट आ.व. ०७७/०७८ मा नेपाल सरकारबाट निःशुल्क वितरण गरीने औषधिहरु दरभाउपत्रका माध्यमबाट सबै भन्दा घटी थोक मूल्य कबोल गर्ने सप्लायर्स, थोक विक्रेता तथा कम्पनीबाट खरिद गर्नु पर्ने भएकोले ईजाजत प्राप्त सप्लायर्स, थोक विक्रेता तथा कम्पनीहरुबाट निम्न शर्तको अधिनमा रही रित पुर्वक शिलबन्दी दरपाउपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

१. म्याद भित्र दर्ता भएका दरभाउपत्रहरु सोही दिनको १४:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस कीर्तिपुर नगरपालिकामा खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि अनुपस्थित रहेमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

२. दरभाउपत्र फारम खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन विदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिनलाई अन्तिम दिन मानिनेछ ।

३. शिलबन्दी दरभाउपत्र दाखिला गर्दा आफुले कबुल गरेको दर अंक र अक्षरको २.५ प्रतिशत (अढाई प्रतिशत) ले हुने रकम धरौटीको रुपमा यस नगरपालिकाको नाममा राष्ट्रिय वाणिज्य बैंक, टेकुको धरौटी खाता कीर्तिपुर न.पा. (ग-३) खाता नं. १७००१००३०३००००००२ मा जम्मा गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त  वाणिज्य बैंकले  जारी गरेको जमानी पत्र संलग्न भएको हुनुपर्नेछ ।

४. दरभाउपत्र दाताले आफुले कबोल गरेको प्रत्येक आइटमहरुको मु.अ. कर लाग्नेमा मु.अ. कर सहितको र मु.अ.कर नलाग्नेमा नेट दररेटलाई अंक र अक्षर दुबैमा उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा लेखेको दररेट फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

५. कीर्तिपुर नगरपालिकाले जतिसुकै परिमाणमा सामान माग गरेमा पनि दरभाउपत्र दाताले कबोल गरेको दररेटमै सामान उपलब्ध गराउनु पर्नेछ । कबोल गरेको दररेट आ.व.२०७७/०७८ सम्म मात्र मान्य रहनेछ । आपूर्ती हुने औषधी सबैभन्दा घटी कबोल गर्ने दरभाउपत्रदाताको प्रस्ताव स्वीकृत गरीनेछ । दरभाउपत्र स्वीकृत भई कार्यालयले माग गरेको अवधि भित्र औषधि उपलब्ध गराउनु पर्नेछ

६. औषधी खरिद गर्दा WHO GMP Certified Company बाट उत्पादित तथा नेपाल सरकारबाट स्वीकृती प्राप्त नेपाल सरकारद्वारा निशुल्क वा **कीर्तिपुर नगरपालिकाद्वारा निःशुल्क** वितरणको लागि भनी लेखिएको हुनु पर्नेछ ।

७. कार्यालयमा औषधी दाखिला हुन आउदा कम्तीमा १८ महिनाको म्याद हुनु पर्नेछ तर कुनै औषधिको जम्मा Expiry Date १८ महिना भन्दा कम हुने अवस्थामा जम्मा Self Life को कम्तीमा ७५ प्रतिशत म्याद दाखिलाको मिति सम्म बाँकी हुनुपर्नेछ ।

८. दरभाउपत्र फाराममा प्रत्येक औषधिको आइटम वाइज उत्पादक कम्पनीको नाम अनिवार्य रुपले भर्नु पर्नेछ । उत्पादक कम्पनी उल्लेख नगरेको फर्म मान्य हुने छैन । उक्त कम्पनी WHO GMP प्राप्त गरेको मान्यता प्राप्त नोकरी पब्लिकको प्रमाणित प्रमाणपत्र र कम्पनीबाट प्राप्त Authorized Letter को मान्यता प्राप्त नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपी संलग्न राख्नु पर्नेछ ।

९. आपूर्तिकर्ताले सप्लाई गरेको सामानहरुको गुणस्तरमा शंका लागी परीक्षण गर्नु पर्ने भएमा आपूर्तिकर्ता स्वयमले परीक्षण गराई परीक्षणको पत्रमाण पत्र पेश गर्नु पर्नेछ ।  परीक्षणमा लाग्ने खर्च आपुर्तिकर्ता स्वयमले नै बेहोर्नुपर्नेछ ।

१०. नगरपालिकाको हितलाई ध्यानमा राखी प्राप्त दरभाउपत्रहरु पूर्ण वा आंशिक स्वीकृत गर्ने वा नगर्ने सर्म्पूण अधिकार यस कीर्तिपुर नगरपालिकामा सुरक्षित रहनेछ ।

११. यो सूचनामा उल्लेख हुन छुट भएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ र सार्जजनिक खरिद नियमाली २०६४ तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ ।

१२. अन्य थप केही कुराहरु बुझ्न परेमा यस नगर कार्यपालिकाको कार्यालय, स्वास्थ्य शाखामा कार्यालय समयभित्र कार्यालयको फोन नं. ०१४३३१६९३, ०१४३३२५२३ वा ईमेल ठेगाना ict.munkirtipur@gmail.com, kirtipurhealthunit@gmail.com वा वेवसाईट www.kirtipurmun.gov.np मा सम्पर्क गर्न सकिनेछ ।

**तपसिल :**

| **क.सं.** | **ठेक्का नं.** | **सामग्रीको विवरण** | **विनियोजित बजेट** | **दरभाउपत्र खरिद गर्ने अन्तिम मिति, समय र स्थान** | **दरभाउपत्र दर्ता गर्ने र खोल्ने मिति समय र स्थान** | **दरभाउपत्र फारम खरिद मूल्य** |
|---|---|---|---|---|---|---|
| १ | KRM 19/2077/078 | औषधी तथा औषधीजन्य सामग्री आपूर्ति | १४ लाख | प्रथम पटक प्रकाशित मितिले १५ दिन भित्र । की.न.पा. कार्यालय ( कार्यालय समय भित्र) | १६ औं दिन, दिनको १२ : ०० बजे सम्म दर्ता गर्ने र सोही दिनको साँझ १४:०० बजे की.न.पा कार्यालयमा खोलिने । | रु.१०००। |